छलफल तथा निर्णयहरु

१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट आयोगको पृष्ठपोषणका लागि प्राप्त Digital Nepal Framework को सम्बन्धमा मन्त्रालयको तर्फबाट प्रस्तुतिकरण भई सो उपर छलफल भयो । उक्त फ्रेमवर्कका सम्बन्धमा समयबद्ध र लागत अनुमान सहितको विस्तृत कार्यक्रम तयार गर्न पृष्ठपोषण तयार गरी सम्बन्धित विषयक्षेत्र हेर्ने माननीय सदस्यस्तरबाट निर्णय गरी (सुशासन तथा सामाजिक विकास महाशाखा) ले पठाउने ।

२. मेलम्ची खानेपानी आयोजनाबाट प्रभावित क्षेत्रका बासिन्दालाई लाभको निश्चित अंश उपलब्ध गराउने र यसबाट अन्य क्षेत्रमा पर्ने प्रभावलाई समेत दृष्टिगत गरी उपयुक्त सुझाव पेश गर्न राष्ट्रिय योजना आयोगका खानेपानी क्षेत्र हेर्ने माननीय सदस्यज्यूको संयोजकत्वमा अर्थ र खानेपानी मन्त्रालयका सचिव, मेलम्ची खानेपानी आयोजनाका कार्यकारी निर्देशक सदस्य र आयोगका सम्बन्धित क्षेत्र हेर्ने सहसचिव सदस्य-सचिव रहेको कार्यदलले तयार गरेको प्रतिवेदन आयोगलाई जानकारी प्राप्त भयो । उक्त प्रतिवेदन कार्यान्वयनका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, खानेपानी मन्त्रालय र अर्थ मन्त्रालयमा पठाउने । साथै, आयोगको आर्थिक व्यवस्थापन महाशाखालाई पनि उपलब्ध गराउने ।

३. पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को आधारपत्रउपर सातवटै प्रदेशमा "प्रदेशस्तरीय परामर्श बैठक" सञ्चालनका लागि अनुसन्धान, मूल्याङ्कन तथा प्रशासन महाशाखाबाट प्रस्ताव गरिएको कार्यक्रम सञ्चालन खाकाका सम्बन्धमा आयोगमा छलफल भई प्रस्तावअनुसार गर्न सहमति प्रदान गर्ने।

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त "निर्माण कार्यको ठेक्का व्यवस्थापनको अवस्था अध्ययन तथा विश्लेषण" प्रतिवेदन कार्यान्वयन गर्ने सम्बन्धमा, प्रगति विवरण मासिक रुपमा पठाउने, योजना र वार्षिक कार्यक्रम तर्जुमा एवम् अनुगमन तथा मूल्याङ्कन गर्दा उक्त प्रतिवेदनमा उल्लेखित आधारहरु लिई गर्ने ।

२०७५।१०।१४

२०७५।१०।१४